पैयूँ गाउँपालिका

गाउँ कार्यपालिका बैठक

सम्वत् २०८२।०३।०८ गते                                        आ.ब. २०८१/८२ बैठक क्र.सं.१६

निर्णय नं. १: मिति २०८२ साल जेठ ३ गते बसेको कार्यपालिका बैठकका निर्णयको कार्यान्वयनका सम्बन्धमा आवश्यक छलफल गरी निर्णय पूर्णतयाः कार्यान्वयन भएकाले समिक्षा गरियो।

निर्णय नं. २: आर्थिक बर्ष २०८२/८३ को लागि **बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट** तयार गरी कार्यपालिका बैठकमा पेस भएको **बार्षिक नीति तथा कार्यक्रम** (अनुसूची-१) स्वीकृत गरी गाउँसभाको १६ औं अधिवेशनमा पेस गर्ने निर्णय गरियो।

निर्णय नं.३: आर्थिक बर्ष २०८२/८३ को लागि विधायन समितिबाट पेश भएको आर्थिक विधेयक, २०८२,(अनुसूची-२) बिनियोजन विधेयक,२०८२ (अनुसूची-३) स्वीकृत गरी गाउँसभाको १६ औं अधिवेशनमा पेस गर्ने निर्णय गरियो।

निर्णय नं. ४: आर्थिक बर्ष २०८२/८३ को लागि **बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट** तयार गरी कार्यपालिका बैठकमा पेस भएको बार्षिक बजेट तथा कार्यक्रम (अनुसूची-४) स्वीकृत गरी गाउँसभाको १६ औं अधिवेशनमा पेस गर्ने निर्णय गरियो।

निर्णय नं. ५: आर्थिक वर्ष ०८१/८२ को हाल सम्मको कार्यपालिका बैठकका निर्णयहरु, आ.व.०८१/८२ को हाल सम्मको आम्दानी तथा खर्च (अनुसूची-५), आ.ब. ०८१/८२ को योजना तथा कार्यक्रमहरुको हाल सम्मको खर्च (अनुसूची-६) र आ.व.०८१/८२ को न्यायीक समितिको प्रतिवेदन (अनुसूची-७) अनुमोदन गरी गाउँसभाको १६ औं अधिवेशनमा पेस गर्ने निर्णय गरियो।

निर्णय नं. ६: पैयूँ गाउँपालिका क्षेत्र भित्र घुमन्ते व्यापारीको रुपमा खेतबारी जोत्न प्रयोग हुने Rotavator सहितको ट्याक्टरको आ.व.०८१/८२ को लागि व्यावसाय कर प्रति दिन रु.२००।-(अक्षरेपि दुई सय मात्र) कायम गर्ने निर्णय गरियो।

निर्णय नं. ७: गाउँपालिकाको प्रशासकीय भवन नजिकै रहेको मर्दिखोला र सेदीखोलाको दोभानमा मिति २०८२/०२/२७ गते देखि नियन्त्रित रुपमा मेसिनरी औजारको प्रयोग गरी नदिजन्य पदार्थको व्यवस्थापन गर्न थुप्रिएका ढुङ्गा, गिट्टी, वालुवा, गेगरान, दहत्तर बहत्तर आदि बस्तुहरु हटाई घाटगद्दी गर्ने कार्यमा ट्याक्टर र व्याक हो लोडर भाडामा प्रयोग गरे बापत प्राविधिक प्रतिवेदन अनुसारको भाडा रकम रु.४,९०,०००-(अक्षरेपि चार लाख नब्बे हजार मात्र) मागमा आधारित शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं. ८: पैयूँ गाउँपालिका वडा नं.७ मा रहेको हिले युवा क्लबलाई तमु ल्होसार २०८१ को अवसरमा आयोजना भएको खेलकुद प्रतियोगिता तथा विविध सांस्कृतिक कार्यक्रममा खर्च भएको रकम रु.७१,०००। (अक्षरेपि एकहत्तर हजार मात्र) मागमा आधारित शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं. ९: गाउँपालिकाको वार्षिक कार्यक्रम २०८१/८२ मा समावेश भएको वडा नं.१ को वडा स्तरीय योजना पर्वत योगसाधना भू-तपस्या कार्यक्रम सहयोग अन्तर्गत कार्यक्रम सम्पन्न भएको हुँदा सो कार्यक्रममा

पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय थवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

२

तोरण मल्ल ठकुरी

अध्यक्ष

विनियोजन भएको रु.३०,०००।-(अक्षरेपि तीस हजार मात्र) कार्यक्रम सञ्चालक संस्था पर्वत योग साधना केन्द्रको नाममा भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं. १०:** आ.व.०८१/८२ को बार्षिक कार्यक्रम अनुसार गाउँपालिकाबाट वितरण गरिने पाइपहरुमा उपभोक्ताहरुले लागत साझेदारी गर्ने व्यवस्था रहेकोमा यस गाउँपालिकाको वडा नं.३ स्थित डाँडा थोक सारु टोलमा विपद्को समयमा खानेपानीको व्यवस्थापन गरिएकोले सो स्थानमा प्रयोग भएको खानेपानीको पाइपमा उपभोक्ताले लागत साझेदारी गर्नु नपर्ने गरी प्राविधिकको मुल्याङ्कनका आधारमा लागेको खर्च रकम रु.३९,०५२।-(अक्षरेपि उन्चालीस हजार बाउन्न मात्र) भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं. ११:** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रम सिंहदरबार काठमाण्डौंको प.सं.०४-०८१/०८२ च.नं.४१९ मिति २०८२/०२/०१ गतेको प्राप्त पत्र उपर छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्थापित रोजगार सेवा केन्द्रलाई निरन्तरता दिदै उक्त केन्द्रमा कार्यरत रोजगार सहायक (पाँचौ) श्री निर्मला भट्टराईलाई सोही केन्द्रमा सहायक (पाँचौं) को पदमा पदस्थापन गर्ने र प्राविधिक सहायक श्री कमल बस्याललाई पूर्वाधार विकास शाखामा सव इन्जिनियर (पाँचौं) को पदमा पदस्थापन गरी २०८२ असोज मसान्त सम्म करार म्यादथप गर्ने निर्णय गरियो।

**निर्णय नं.१२:** यस गाउँपालिकाको सूचना तथा प्रविधि शाखामा कार्यरत सूचना प्रविधि अधिकृत छैटौं तहका करार कर्मचारी श्री सागर ढकाललाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश तथा स्थानीय शासन सवलिकरण कार्यक्रम, कार्यक्रम समन्वय इकाइ सिंहदरबार काठमाण्डौंको प.सं.०८१/८२ च.नं. २४२ मिति २०८१/११/२३ गतेको पत्रानुसार अधिकृत स्तर सातौं तहमा तह मिलान गर्ने निर्णय गरियो।

**निर्णय नं. १३:** बस्ति विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण (दोस्रो संसोधन) मापदण्ड, २०७९ भन्दा पहिले यस गाउँपालिका क्षेत्रभित्र निर्माण गरिएका भवनको अभिलेखिकरणका लागि आ.व. २०८२/०८३ बाट लागूहुने ४५ दिने सूचना प्रकाशन गरी पैयूँ गाउँपालिकाको "बस्ती विकास, शहरी योजना तथा भवन निर्माण कार्यविधि,२०७७" बमोजिम अन्तिम पटकका लागि अभिलेखिकरण गर्ने निर्णय गरियो।

**निर्णय नं. १४:** पैयूँ आधारभूत अस्पताको सेवा विस्तार तथा संचालनबाट प्राप्त आम्दानी सोही अस्पताको अस्पताल व्यवस्थापन समितिको निर्णयबाट स्वीकृत गरी अस्पताल संचालन(प्रशासनिक) तथा सेवा विस्तारका लागि खर्च गर्ने निर्णय गरियो।

पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय त्वास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

तोरण मल्ल ठकुरी
अध्यक्ष

पैंयूँ गाउँपालिका

गाउँ कार्यपालिका बैठक

सम्वत् २०८२।०३।०८ गते आ.ब. २०८१/८२ बैठक क्र.सं.१६

**निर्णय नं.११**: चालू आ.व.०८१/८२का साविकका योजना तथा कार्यक्रममा तपसिल अनुसार संशोधन, रकमान्तर र थप गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | साविकका योजना तथा कार्यक्रम | स्रोत समूह | रकम | क्र.सं. | संशोधन भई कायम भएका योजना तथा कार्यक्रमहरु | स्रोत समूह | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | आधारभुत तह (१-५) स्तरीय अंग्रेजी हिज्जे प्रतियोगिता | प्रदेश समानिकरण | ५०,००० | १ | अन्य भत्ता *थप* | प्रदेश समानिकरण | ८५०००० | थप |
| २ | सामुदायिक विद्यालयको कक्षा (१-१०) मा अध्ययनरत सवै विद्यार्थिहरुका लागी ट्र्याक सुट वितरण | प्रदेश समानिकरण | ५००,००० | २ | पदाधिकारी अन्य सुविधा *थप* | प्रदेश समानिकरण | ५०००० | थप |
| ३ | आधारभुत तह (१-५) स्तरीय नेपाली र अंग्रेजी हस्तलेखन प्रतियोगिता | प्रदेश समानिकरण | ५०,००० | ३ | पदाधिकारी सेवा सुविधा *थप* | राजस्व बाँडफाँड संघीय | ८००००० | थप |
| ४ | व्यासायीक भैसी पालन फर्महरुलाई प्रोत्साहन अनुदान | प्रदेश समानिकरण | ३००,००० | | | | | |
| ५ | भैपरी आउने चालु खर्च | राजस्व बाँडफाँड संघीय | ८००,००० | | | | | |
| | **जम्मा** | | १,७००,००० | | **जम्मा** | | १,७००,००० | |

पैंयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ख्वास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

तोरण मल्ल ठकुरी
अध्यक्ष